# चौतारा साँगाचोकगढी नगरपालिकाको
# सुरक्षित मातृत्व अनुदान कार्यक्रम सम्बन्धी कार्यविधि, २०८०

**स्वीकृत मिति : २०८०/०६/२३ गते**

**प्रस्तावना :**

नेपालको संविधानद्वारा मौलिक हकको रुपमा महिलालाई प्रदत्त सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक तथा हरेक व्यक्तिको प्रजनन् स्वास्थ्य सम्बन्धी अधिकारको संरक्षण, सम्मान र परिपूर्ति गर्नका लागि प्रजनन् स्वास्थ्य सेवालाई सुरक्षित गुणस्तरीय सर्वसुलभ तथा पहुँच योग्य बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ तथा नियमावली, २०७७ ले दिएको अधिकार प्रयोग गरी चौतारा साँगाचोकगढी नगर कार्यपालिकाले सुरक्षित मातृत्व कार्यक्रम सम्बन्धी कार्यविधि तयार गरी लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम "**सुरक्षित मातृत्व अनुदान कार्यक्रम सम्बन्धी कार्यविधि, २०८०**" रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२) **परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

क) "**ऐन**" भन्नाले सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५ सम्झनुपर्दछ ।

ख) "**कार्यविधि**" भन्नाले सुरक्षित मातृत्व अनुदान कार्यक्रम सम्बन्धी कार्यविधि, २०८० लाई सम्झनुपर्छ ।

ग) "**नगरपालिका**" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकालाई सम्झनुपर्छ ।

घ) "**सेवाग्राही**" भन्नाले नगरपालिका भित्रका स्थायी बासिन्दा सम्झनुपर्छ ।

ङ) "**सुरक्षित मातृत्व**" भन्नाले महिलालाई गर्भवती, प्रसव र सुत्केरी अवस्थामा उपलब्ध गराइने मातृत्व सेवा सम्झनुपर्दछ ।

च) "**सेवा प्रदायक स्वास्थ्य संस्था**" भन्नाले नगरपालिका भित्र रहेको स्वास्थ्य संस्थाहरु र चौतारा अस्पताललाई सम्झनुपर्छ ।

छ) "**सेवा प्रदायक**" भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्य सेवा प्रदायकको रुपमा सम्बन्धित परिषद्मा दर्ता भएको व्यक्ति वा चिकित्सक वा नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थामा कार्यरत अ.न.मी कर्मचारीलाई सम्झनुपर्छ ।

ज) "**गर्भवती जाँच**" भन्नाले सेवा प्रदायकले प्रोटोकल अनुसार ४ पटक गर्भ जाँच गरेको भन्ने बुझ्नुपर्दछ । ४ महिना, ६ महिना, ८ महिना र ९ महिनामा गर्भवती सेवा लिइएको बुझ्नु पर्दछ वा सेवाग्राहीले प्रोटोकल अनुसार ८ पटक गर्भ जाँच गरेको भन्ने बुझ्नुपर्दछ । १२ हप्तासम्म, १६ हप्तासम्म, २०-२४ हप्ता, २८ हप्ता, ३२ हप्ता, ३४ हप्ता, ३६ हप्ता र ३८-४० हप्तामा ८ पटक गर्भवती सेवा लिएको बुझ्नुपर्दछ ।

झ) "**संस्थागत सुत्केरी**" भन्नाले सरकारी वा नेपाल सरकारको स्वामित्वमा रहेको अस्पताल, शिक्षण अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा सुरक्षित प्रसुति सेवा प्रदान गर्ने सामुदायिक अस्पताल, शिक्षण अस्पताल ,निजी तथा गैर सरकारी संस्था, प्रसुति केन्द्रमा प्रसुति सेवा लिइएको सम्झनुपर्दछ ।

ञ)	"**सुत्केरी जाँच**" भन्नाले सेवाप्रदायकले सेवाग्राहीलाई सुत्केरी पछिको ४ पटकको जाँचलाई सम्झनुपर्छ। २४ घण्टाभित्र, ३ दिन, ७-१४ दिन, ४२ दिनमा सेवा लिइएको सम्झनुपर्दछ।

ट)	**"पोषण सेवा" भन्नाले** आमा र बच्चाको पोषण अवस्था सुधारको लागि दिइने सेवा सम्झनुपर्दछ।

ठ)	**"यातायात खर्च"** भन्नाले सेवाग्राहीलाई सेवा लिन स्वास्थ्य संस्थामा आउन जान उपलब्ध गराउन तोकिए बमोजिमको यातायात खर्च बापत्को रकमलाई सम्झनुपर्छ।

## परिच्छेद -२
## सेवाग्राही महिला तथा नवजात शिशुले प्राप्त गर्ने सेवा सुविधा सम्बन्धी व्यवस्था

**३)	<u>गर्भ जाँच गरेबापत सेवाग्राहीले पाउने सुविधा :</u>**

नगरपालिकाभित्रका सेवा प्रदायक स्वास्थ्य संस्थाहरुमा नगरपालिकाका स्थायी बासिन्दा गर्भवती महिलाले प्रोटोकल अनुसार ४ पटक गर्भवती जाँच गराए बापत् नगद रु. २००० र ८ पटक गर्भवती जाँच गरे वापत् नगद रु. ४००० सुविधा प्रदान गरिनेछ। प्रोटोकल अनुसार गर्भवती जाँच गर्दा अन्तिम पटकको गर्भ जाँच सेवा प्रदायक स्वास्थ्य संस्थामा र प्रोटोकल अनुसार गर्भ जाँच नगराएमा यो सुविधा उपलब्ध हुने छैन्।

**४)	<u>संस्थागत सुत्केरी भए बापत् पाउने सुविधा :</u>**

नगरपालिका भित्रका स्थायी बासिन्दा गर्भवती महिलाले सेवा प्रदायक स्वास्थ्य संस्थाहरुमा गर्भ जाँच गरि संस्थागत सुत्केरी भएमा यातायात खर्च बापत रु. २००० सुविधा प्रदान गरिनेछ। घरमा सुत्केरी भएमा यस कार्यविधि अनुसार प्रदान गरिने गर्भ जाँच गरेबापत सेवाग्राहीले पाउने सुविधा र संस्थागत सुत्केरी भए बापत पाउने सुविधा उपलब्ध गरिने छैन।

**५)	<u>पोषण सम्बन्धी सुविधा :</u>**

महिला तथा नवशिशुको पोषण अवस्था सुधारका लागि नगरपालिकाभित्रका स्थायी बासिन्दाले सेवा प्रदायक स्वास्थ्य संस्थाहरुबाट सेवा उपभोग गरेका प्रत्येक सुत्केरी महिलालाई पोषण खर्च बापत रु. २००० प्रदान गरिनेछ।

**६)	<u>सुत्केरी जाँच गरेबापत पाउने सुविधा :</u>**

चौतारा साँगाचोकगढी नगरपालिकाभित्रका सेवा प्रदायक स्वास्थ्य संस्थाहरुमा नगरपालिकाका स्थायी बासिन्दा महिलाले प्रोटोकल अनुसार ४ पटक सुत्केरी जाँच गरेबापत रु. २००० सुविधा प्रदान गरिनेछ। सेवाग्राहीले सुत्केरी जाँच गरेबापत पाउने सुविधाका लागि सुत्केरी जाँच गरेको सम्बन्धित स्वास्थ्य संस्थाको स्वास्थ्य संस्था प्रमुखबाट प्रमाणित भएको अनुसूची-२ बुझाउनु पर्नेछ।

## परिच्छेद-३

**७)	<u>विविध :</u>**

सुरक्षित मातृत्व प्रोत्साहन अनुदान कार्यक्रमको बापतको रकम लिन आउँदा गर्भ जाँच गरेको कार्डको प्रतिलिपि, प्रसुति सेवा प्रदान गरेको स्वास्थ्य संस्थाले प्रदान गरेको जन्म प्रमाण-पत्रको प्रतिलिपि, जन्मदर्ताको प्रतिलिपि (वडा कार्यालयबाट), नागरिकता प्रमाणपत्रको प्रतिलिपि, अनुसूची-१, सुत्केरी जाँच गराएको प्रमाणिकरणको अनुसूची-२ पेश गर्नुपर्नेछ।

**अनुसूची - १**

<u>निवेदनको ढाँचा</u>

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यु,
चौतारा साँगाचोकगढी नगरपालिका,
चौतारा, सिन्धुपाल्चोक ।

## <u>बिषय : सुरक्षित मातृत्व प्रोत्साहन अनुदान रकम उपलब्ध सम्बन्धमा ।</u>

उपरोक्त सम्बन्धमा सिन्धुपाल्चोक जिल्ला चौतारा संगाचोकगढ़ी नगरपालिकाको आ.ब. २०८०/८१ को बार्षिक कार्यक्रम सुरक्षित मातृत्व प्रोत्साहन अनुदान कार्यक्रम अनुसार मलाई सुरक्षित मातृत्व प्रोत्साहन अनुदान बापत उपलब्ध गराउने रकम उपलब्ध गराई दिनुहुन अनुरोध साथ यो निबेदन पेश गरेको छु ।

**<u>पुरा गरेका मापदण्ड :</u>**

१. गर्भ जाँच ४ पटक गरेको

२. गर्भ जाँच ८ पटक गरेको

३. संस्थागत सुत्केरी भएको

४. सुत्केरी जाँच गरेको

५. पोषण सम्बन्धित सेवा

निवेदक
नाम :
नाता :
ठेगाना :
सम्पर्क नं :
हस्ताक्षर :
मिति :

अनुसूची-२

**सुत्केरी जाँच गराएको प्रमाणिकरणको ढाँचा**

सुत्केरीको नाम, थरः
उमेर :
ठेगाना :
सुत्केरी भएको मिति :

| सुत्केरी जाँचको पटक | सुत्केरी जाँच गरेको मिति | स्वास्थ्य संस्था | स्वास्थ्यकर्मीको नाम | स्वास्थ्यकर्मीको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| २४ घण्टाभित्र | | | | | |
| ३ दिन | | | | | |
| ७-१४ दिन | | | | | |
| ४२ दिन | | | | | |

**प्रमाणित गर्ने :**
स्वास्थ्य संस्था प्रमुख
मितिः
(स्वास्थ्य संस्थाको छाप)